# बैठक संख्या – १६

आज मिति २०८३/०१/०५ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय पारित गरियो।

उपस्थिति

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २ | श्री शान्ती नाथ | उपाध्यक्ष | |
| ३ | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४ | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५ | श्री दुर्गा प्रसाद चौधरी | सदस्य | |
| ६ | श्री विर बहादुर खड्का | सदस्य | |
| ७ | श्री ईन्द्र बहादुर खड्का | सदस्य | |
| ८ | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९ | श्री हर्कमती पाध्या | सदस्य | |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११ | श्री बसन्ती सुनार | सदस्य | |
| १२ | श्री चेतराम माली | सदस्य | |
| १३ | श्री मिना सुनार | सदस्य | |
| १४ | श्री रामकृष्ण वि.क. | सदस्य सचिव | |

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बेलडाँडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**बैठक संख्या- १६/ २०८२-०८३/मिति २०८३/०१/०५ गते**

प्रस्ताव नं. १ क्लबको दर्ता नम्बर सच्याउने सम्बन्धमा।

निर्णय नं. १: प्रस्ताव नं.१ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकाको कार्यालयमा मिति २०७८/०८/१५ गते दर्ता क्रममा न्यू खसड युवा क्लब नामक समिति भूलवश नवीकरण रजिष्ट्रमा दर्ता गरिएको र दर्ता पुस्तिकामा दर्ता नभएको देखिएकोले उक्त क्लब लाई दर्ता पुस्तिकामा क्रम अनुसार नयाँ दर्ता नम्बर प्रदान गरी दर्ता कायम गर्ने तथा पूर्व जारी दर्ता प्रमाणपत्र रद्द गरी नयाँ प्रमाणपत्र जारी गरेर नवीकरण रजिष्टरमा कैफियत जनाई अभिलेख सच्याउने निर्णय सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. २ निर्माण व्यवसायीको ठेक्का सम्झौता रद्द गर्ने सम्बन्धमा।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिका अन्तर्गत वडा नं.३ मा पर्ने शिवनगर पुल हुँदै खैरीघाट चौराहादेखी बैवाह चौराहासम्म सडक आर.सि.सि. गर्ने कार्य (Contruction of RCC road from Shivnagar Bridge to Khairighat Chauraha to Baibah Chaurah,ward no.3,Beldandi Rural Municipality, Kanchanpur BRM/2081/82/works/NCB-02) आर्थिक वर्ष २०८१/८२ मा संघीय सरकार समपूरक अनुदान मार्फत सञ्चालित योजना भएको र विभिन्न कारणले तोकिएको समयावधि भित्र सम्पन्न हुन नसक्दा विनियोजित बजेट फिर्ता गएकोले योजना पुरा गर्न पालिकाको आफ्नो आन्तरिक श्रोतबाट असम्भव भएकाले निर्माण व्यवसायी न्यू जोशी/नेपाल आदर्श जे.भी. संग सुविस्ताका आधारमा ठेक्का अन्त्य गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ३ गणेश मा.वि. को गणित शिक्षक सम्बन्धमा।

निर्णय नं. ३: प्रस्ताव नं.३ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकाको गाउँकार्यपालिकाको मिति २०८२/०६/०९ गतेको निर्णय अनुसार पालिका भित्रका विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान गर्ने क्रममा गणेश मा.वि. भुर्षा र रौलेश्वर मा.वि. का गणित शिक्षक बीच दरबन्दी मिलान गरिएकोमा गणेश मा.वि. मा गणित शिक्षक श्री कृपाराम उपाध्याय हाजिर नभई रौलेश्वर मा.वि. मा फिर्ता हुँदा रौलेश्वर मा.वि. मा २ जना गणित शिक्षक भएको तर गणेश मा.वि. भुर्षामा गणित शिक्षकको अभावमा पठनपाठन प्रभावित भएको हुँदा सम्मानीत प्रशासकीय अदालत, सिंहदरबार बाट मुद्धाको अन्तिम टुङ्गो नलाग्दा सम्मका लागि शिक्षक श्री गणेश चौधरीलाई पदाधिकार रहेकै विद्यालयबाट तलबभत्ता भुक्तानी हुनेगरि गणेश मा.वि. भुर्षामा व्यवस्थापन निर्णय सर्वसम्मतले पारित गरियो ।

प्रस्ताव नं. ४ प्रविधि हस्तानान्तरण कार्यक्रम सञ्चालन सम्बन्धमा।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा सुदुरपश्चिम प्रदेश सरकार बाट बेलडाँडी गा.पा. वडा नं. २ गार्मेन्ट उद्योग प्रवर्द्धन कार्यक्रम बेलडाँडी-२,कञ्चनपुर शिर्षकमा

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

रु.२०,००,०००/- शसर्त अनुदान (पुँजिगत) को रुपमा वित्तीय हस्तानान्तरण भएको हुँदा उक्त कार्यक्रम कार्यान्वयनका लागि उद्यम विकास शाखाबाट आवश्यक प्रक्रिया आगाडी बढाउने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ५ कार्यक्रम संचालनार्थ क्लबलाई आर्थिक सहायता गर्ने सम्बन्धमा।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिका वडा नं.३ अन्तर्गत न्यू खसड युवा क्लबले विषु पर्वको अवसरमा विभिन्न कार्यक्रम संचालन गर्ने भएकाले कार्यक्रम संचालनार्थ पालिका बाट रु.५०,०००/- आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ६ बजेट कार्यक्रममा छुट भएको छात्रवृत्ती सम्बन्धमा।

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा गुणस्तरीय शिक्षाका कार्यक्रम अन्तर्गत बेलडाँडी गाउँपालिकाको रु.१,००,०००/- र NNSWA को रु.९,४०००/- गरि जम्मा रु.१,९४,०००/- साझेदारी बाट छात्रवृत्ती वितरण गर्ने कार्यक्रममा द्विपक्षीय सम्झौता भएको तर पालिकाको तर्फबाट चालु आर्थिक वर्षमा साझेदारी रकम विनियोजन गर्न छुट भएकाले आगामी वर्षको बजेट बाट विनियोजन गरि विद्यालयको खातामा निकासा गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ७ सवारी साधन मर्मतको भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा पालिकाको नाममा रहेको जेसीबी (ब्याकुहो लोडर) मर्मत गरिएको हुनाले मर्मत बापतको रकम रु.३,७०,५५५।३० (तीन लाख सत्तरी हजार पाँच सय पचपन्न र पैसा तीस ) भुक्तानी गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ८ भलिबल खेलका लागि जर्सी उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा बेलौरी नगरपालिकाको आयोजनामा सञ्चालित पुरुष भेट्रान भलिबल खेलका लागि बेलडाँडी गाउँपालिकाको तर्फबाट २ वटा टिमलाई सहभागिताका लागि पठाउने र सो खेलका लागि आवश्यक २२ थान जर्सी खरीद गरि उपलब्ध गराउने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ९ GPS जडान गर्ने सम्बन्धमा।

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल गर्दा पालिकाको जेसिबी, रोलर, ट्रिपर र एम्बुलेन्स सञ्चालनमा नियमन गर्न GPS जडान गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बेलडाँडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्ताव नं.१० व्यवस्थापन परीक्षण (Management Audit) सम्बन्धमा।

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकाको व्यवस्थापन परीक्षण (Management Audit) प्रतिवेदन तयार गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं.११ विद्यालय समायोजन/मर्ज गर्ने सम्बन्धमा।

निर्णय नं. ११: प्रस्ताव नं. ११ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिका अन्तर्गत अति न्यून विद्यार्थी संख्या रहेका २ वटा विद्यालयहरु त्रिशुली आ. वि. लाई नजिकको विद्यालय श्री सिंहपाल आ.वि. र कालिका आ.वि. लाई बैजनाथ मा.वि. मा समायोजन/मर्ज गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

CamScanner